ईशनाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, औरैया, रौतहट

प्रदेश नं. २ , नेपाल

Ishnath Municipality

**Office of The Municipal Executive, Auraiya, Rautahat**

Province No. 2 , Nepal

पत्र संख्या :– २०७५/०७६

चलानी नं :– ३०९

प्राप्त पत्र संख्या र मिति :–

मिति :– २०७५/१०/१०

विषय :– *मासिक डोर तथा ज्यालादारी कर्मचारी सम्बन्मा ।*

**श्री वडा कार्यालय सबै**

**ईशनाथ नगरपालिका**

प्रस्तुत विषयमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं को पत्र संख्या २०७५/०७६ च.नं. ३०७९ मिति २०७५/१०/०९ गतेको पत्रको छायाप्रति यसै साथ संलग्न छ । व्यहोरा पत्रबाट अवगत गरी सो पत्रानुसार कुनै पनि पदमा डोर हाजिरी बाट तलब भत्ता प्रदान गर्ने गरी सेवा लिन नपाउने तथा त्यसतो सेवा वापतको भुक्तानी नहुने भन्ने रहेकोले सोही अनुसार गर्नु गराउनु हुन जानकारी साथ अनुरोध छ ।

२०७५/१०/१०

(रामजी जोशी)

नि.प्रमुख प्रशासकिय अधिकृत

रामजी जोशी

नि० प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीयतह कर्मचारी प्रशासन शाखा)

४२००३१४
४२००२९९
४२००५०५

पत्र संख्या: २०७५/०७६
चलानी नं.: ३०७९

मिति : २०७५।१०।०९

बिषय : मासिक डोर र ज्यालादरीका कर्मचारीहरु सम्वन्धमा ।

श्री स्थानीय तहहरु सवै ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६)मा स्थानीय तहको सेवा संचालनको लागि अस्थायी दरवन्दी सिर्जना गर्न सकिने छैन भन्ने उल्लेख छ । सोही दफाको उपदफा (८) मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाँउपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्वर, ईलेक्ट्रीसियन, चौकिदार, माली, बगैंचे र सरसफाई सम्वन्धि पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ । सोही ऐनको दफा ८७ मा उल्लेखित अवस्थाका र माथि लेखिए बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपुर्ति गर्न पाइनेछैन भन्ने कानूनी ब्यवस्था रहेको छ । यस मन्त्रालयबाट मिति २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति ब्यवस्थापन गर्ने सम्वन्धि कार्यबिधि, २०७४ अनुसार करार गरिएको पद वा दरवन्दीमा समायोजन भई कर्मचारी आएपछि त्यस्तो दरवन्दीमा गरिएको करार स्वत समाप्त हुने कार्यबिधि बिपरित मासिक डोर, ज्यालादारी वा स्वीकृत दरवन्दी भन्दा बाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलव, भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने, यस्तो कार्य प्रचलित कानून बिपरित भई बेरुजु कायम हुने हुदा बेरुजु भएको उक्त रकम भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर हुने ब्यहोरा सम्वन्धित सवै स्थानीय तहलाई लेखी पठाउने भनी नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७५।१०।०८ को निर्णयानुसार अनुरोध गर्दछु ।

(झरेन्द्र प्रसाद चापागाई)
उप सचिव

बोधार्थ:-

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनु हुन ।